# आर्थिक बर्ष २०७५/०७६ को
# निति तथा कार्यक्रम

## नेपाल सरकार
## बागचौर नगरपालिका
## कर्णालि प्रदेश, सल्यान

# वागचौर नगरपालिकाको तेस्रो नगर सभामा नगर उपप्रमुख श्री कल्पना पुन ज्यू बाट प्रस्तुत आ.व. २०७५/०७६ को नीति तथा कार्यक्रम

यस सभाका सभाध्यक्ष महोदय,

सभाका सदस्य ज्यूहरु र अन्य उपस्थित महानुभावहरु ,

आज म यस वागचौर नगरपालिकाको तेस्रो नगर सभामा यस नगरपालिकाको आर्थिक वर्ष २०७५/०७६ को निति कार्यक्रम तथा बजेट प्रस्तुत गर्न गैरहेको छु ।

भौगोलिक सुन्दरता, सामाजिक तथा सांस्कृतिक विविधता, प्राकृतिक स्रोत साधनले भरिपूर्ण सुन्तला, आलु, अदुवा, बेसार, टिमुर जस्ता फलफुल र तरकारी उत्पादनको उर्वर भूमि भएको विकासको उच्च सम्भावना भएको यस वागचौर नगरपालिकाको तेस्रो गरिमामय सम्मानित नगरसभामा नगरपालिकाको नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा गौरवको अनुभति गरेको छु ।

यस ऐतिहासिक अवसरमा, सर्व प्रथम संघीय लोकतान्त्रिक गणतन्त्र नेपाल निर्माणको क्रममा जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण आदरणीय ज्ञात अज्ञात सहीद तथा बेपत्ताहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । साथै घाईते अपाङ्ग योद्धाहरुप्रति हार्दिक सम्मानका साथ अभिवादन गर्दछु । न्याय समानता, स्वाधिनता, र समृद्धिका लागि विभिन्न समयमा भएका आन्दोलनहरुमा अमूल्य योगदान दिनुहुने सम्पूर्ण नेपाली दिदीबहिनी दाजुभाई तथा आमा बुवाहरुप्रति हार्दिक सम्मान प्रकट गर्दछु ।

नेपाली जनताले पटक पटक गर्दै आएका ऐतिहासिक आन्दोलन र संघर्षहरु, १० वर्षे जनयुद्ध, १९ दिने जनआन्दोलन लगायतका जनआन्दोलन पश्चात नेपाली जनताको प्रतिनिधि संस्था संविधान सभाबाट नेपालको संविधान २०७२ जारी भए संगै संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय सरकार गरी ३ तहको निर्वाचन सम्पन्न भई मुलुकमा स्थीर सरकार संचालनको शुभारम्भ भईसकेको वर्तमान अवस्थामा अवको हाम्रो यात्रा समाजवाद उन्मुख सामाजिक न्याय सहितको आर्थिक समृद्धि तर्फ केन्द्रित हुनुपर्ने बेला आएको छ । नेपालको संविधान २०७२ को जगमा बनेको स्थानीय सरकार संचालन ऐन, २०७४ ले स्थानीय तहका अधिकार र काम कर्तव्य सुनिश्चित गरेको छ र उक्त ऐन स्थानीय सरकार संचालनको मुख्य आधार बनेको छ ।

लोकतान्त्रिक गणतन्त्रको स्थापनाको आधारशिलाको रुपमा रहेको स्थानीय तहलाई अधिकार सम्पन्न बनाई सिंहदरवारको अधिकार गाउँगाउँमा प्रयोग गर्न पाउदा हामीले गर्वको अनुभुति गरेका छौं । नेपालको संविधान, २०७२ ले सबै नागरिकलाई समान अधिकार, समान अवसर, समान मर्यादा प्रदान गरेको सन्दर्भमा हामी स्थानीय सरकारले परिकल्पना गरे अनुरुप सामाजिक न्याय र समाजवादको लक्ष्यमा पुग्न आर्थिक समृद्धिमा केन्द्रित हुनुपर्ने चरणमा प्रवेश गरेका छौं । नेपालको संविधानको अनुसुची ८ ले दिएको स्थानीय तहको अधिकारलाई सदुपयोग गर्दै सामाजिक न्याय सहितको समृद्धि ल्याउन अव हाम्रो ध्यान केन्द्रित रहनेछ ।

यस वागचौर नगरपालिकाको स्वर्णिम भविष्यको कामनाका साथ **“समृद्ध नगर हरित शहर, घरघरमा सिंहदरवार बागचौर नगरवासिको रहर”** भन्ने दीर्घकालिन विकास सोंच दूरदृष्टि (Vision) का

साथ हामीले काम गर्ने लक्ष्य लिएका छौं । स्थानीय उत्पादन नै सम्पन्नताको आधार हो, स्थानीय रुपमा उत्पादित वस्तुलाई  बजारसम्म पुऱ्याउन सडकको स्तरोन्नती गरी उत्पादन स्थल र बजारलाई जोड्नु हाम्रो अवको प्रमुख दायित्व रहेको छ । यही दायित्व वोधलाई आत्मसात गर्न नगरस्थित विकास साझेदारहरु, राजनैतिक नेतृत्व, दातृ निकायको समन्वय र सहयोगमा यो नगरपालिकाको नेतृत्व क्रियाशील रहनेछ ।

विकासलाई सन्तुलित बनाउने, अवसरहरुलाई आवश्यकताका आधारमा न्यायोचित वितरण गर्ने र विकासमा अधिकारलाई सुनिश्चित गर्ने पक्षमा नगरपालिकाले ध्यान दिएको छ । हामी संग आन्तरिक साधन श्रोत पर्याप्त छैन र केन्द्र सरकार प्रतिको निर्भरता बढ्दो छ भने नगरवासीको आकांक्षा र आवश्यकता धेरै छन् । तैपनि हामी आर्थिक-सामाजिक रुपान्तरण प्रकृयामा पछि पारिएका महिला, दलित, आदिवासी, जनजाती, अति विपन्न र पिछडिएको वर्ग तथा क्षेत्रलाई समेट्ने प्रयासमा केन्द्रित छौ । नगरपालिका क्षेत्रमा वडा कार्यालय स्थापना गरी जनताको सेवा सुविधा जनताकै घरदैलोबाट प्रदान गर्ने कार्य चुनौतिपूर्ण छ तर पनि यस कार्यलाई प्राथमिकतामा राखिएको छ ।

भौतिक पूर्वाधार तर्फ सडक, सिंचाई, खानेपानी तथा सरसफाई, विद्युत विस्तार तथा अन्य पूर्वाधार निर्माण जस्ता कार्यक्रमहरुमा बजेट विनियोजन गरिने छ । सामाजिक विकासतर्फका शिक्षा,स्वास्थ्य,खेलकुद, महिला तथा बाल विकास, आकस्मिक प्राकृतिक विपत्ति परिआउंदा राहत प्रदान गर्ने नीतिहरु समावेश गरिएको छ । सन्चार माध्यमसंग सहकार्य, लक्षित वर्गको क्षमता अभिवृद्धि, साहित्य कला प्रवर्द्धन, खेलकूद विकास जस्ता पक्षलाई पनि कार्यक्रम तथा बजेटमा समावेश गरिने नीति लिइएको छ । योजना तथा कार्यक्रमहरुको प्राथामिकिकरण गर्दा शहिद रिङ्ग रोडलाई मुख्य प्राथमिकतामा राखिएको छ । गाउँभित्रका विकास निर्माणको जिम्मेवारी वडालाई र वडाभन्दा बढीलाई समेट्ने विकास निर्माणको जिम्मेवारी नगरपालिकाले बहन गर्ने नीतिलाई अबलम्बन गरिएको छ । कार्यक्रम तथा वजेट विनियोजन गर्दा क्रमागत र वस्ति तथा वडाबाट प्राथमीकीकरण भएका योजनाहरुलाई प्राथमिकता दिइनेछ ।

यस नगरपालिकामा हुनुपर्ने आधारभुत पुर्वाधार निर्माण र व्यवस्थित विकासका लागि थुप्रै श्रोत साधन र सबै तह बाट सहयोग ,सल्लाह र समन्वयको आवश्यकता छ । जसको पुर्ति यस नगरपालिका क्षेत्र भित्रको सिमित श्रोत र साधन को परिचालनबाट मात्रै सम्भब देखिदैन । यसै यथार्थलाई मनन गरी यस नगरपालिकाले पनि विकास र सेवा प्रवाहलाइ नजिकबाट बुझेका यस नगरक्षेत्र भित्र क्रियाशिल राजनैतिक दलका प्रमुख एवं प्रतिनिधि , विकासप्रेमी नागरीक समाजका अगुवा ,समाजसेवि, वुद्धिजिवि , नीजि क्षेत्र र आम नगरवासिका माग , आवश्यकता ,चाहाना र प्राथमिकता र तिनको राय ,सल्लाह र सुझाबमा नेपाल सरकारबाट प्राप्त वित्तिय समानिकरण, सशर्त अनुदान, प्रदेश सरकारबाट प्राप्त अनुदान, राजश्व बांडफांडबाट प्राप्त हुने रकम तथा अन्य निकायबाट प्राप्त हुने अनुदान र नगरपालिका कै आफ्नै सिमित आन्तरिक श्रोत र साधन समेतलाई आधार मानि सहभागितामुलक योजना तर्जुमाका विभिन्न चरण पार गर्दै विकासका साझेदार ,सहकारी क्षेत्र ,निजि क्षेत्र ,गै.स.स तथा अन्य शासकिय साझेदारहरु संगको तालमेल तथा एकीकृत र समन्वयात्मक प्रयास र स्थानिय सरकार संचालन ऐन २०७४, नगरपालिका बाट पारित ऐन, नियम,कार्यविधि एवं प्रचलित निर्देशिका तथा संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त नीतिगत मार्गदर्शन तथा निर्देशनकै आधारमा यस सम्मानित नगरसभामा वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गरिएको छ ।

सभाका सदस्य ज्यूहरु,

अव म वागचौर नगरपालिकाको समग्र विकास निर्माणका लागि **“समृद्ध नगर हरित शहर, घरघरमा सिंहदरवार बागचौर नगरवासीको रहर”** भन्ने दीर्घकालिन सोच र लक्ष्यकासाथ यस नगरपालिकाको आ.व.२०७५/०७६ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न  चाहन्छु।

## १. कृषि, पशुपालन तथा गरिबी न्यूनीकरण तर्फ :

१.१. परम्परागत कृषि प्रणालीलाई आधुनिक र व्यवसायीकरण गर्ने तर्फ बिशेष ध्यान दिइने छ। यसका लागि कृषि, फलफुल, जडीबुटी तथा पशुपालनका लागी पकेट क्षेत्र पहिचान गरि तिनको बिकास र प्रवर्द्धन गर्न आवश्यक नीति, कार्यक्रम अवलम्बन गरिने छ। साथै कृषिमा अनुदान र कृषकलाई प्रोत्साहन गर्ने कार्यक्रम ल्याईने छ।

१.२ वार्ड. नं ८ र ९ को कोटमौला, वार्ड .नं ३ को खाली, वडा नं.७ को साना गाँडाकोट लगायतको स्थानमा उत्पादित हुने सुन्तला, वडा नं. ११, १२ र ४ मा  उत्पादित आलु, वडा वडा नं. १,२,३,५,६ र १० लगायतका क्षेत्रमा उत्पादित अदुवा, बेसार, टिमुर खेतिको आधुनिकिकरण,भण्डारण तथा पैठारीका साथ यस क्षेत्रलाई वाह्य क्षेत्रमा समेत पहिचान दिने कार्यको थालनी गरिने छ।

१.३ कृषि उत्पादनलाई बजारीकरण गर्न आवश्यक कार्यक्रम संचालन गरिनेछ। कृषकबाट उत्पादित फलफुल तथा तरकारी बिक्री वितरणका लागी हाट बजार व्यवस्थापन गरिने छ।

१.४ अर्गानिक तथा बेमौसमी तरकारी खेतीलाई प्रोत्साहित गर्ने कार्यक्रमको व्यवस्था मिलाईने छ।

१.५ दुग्धजन्य पदार्थको संकलन, वितरण तथा प्रवर्द्धनका लागी आधुनिक डेरी व्यवस्थापन गरिने छ। र त्यस्ता कार्य गर्ने सहकारी संस्थालाई प्रोत्साहित गरिनेछ।

१.६  आलु, सुन्तला लगायतका तरकारी तथा फलफुलबाट कृषकलाई वेमौसमी लाभका लागी चिस्यान केन्द्र स्थापना गरिने छ।

१.७ नगरपालिका स्तरीय एक पशु बिमा समिति स्थापना गरिने छ। उक्त समितिले नगरपालिका अन्तर्गत पशुपालक कृषकहरुका पशु बिमा गरिने छ। यसरी विमामा जम्मा गरेको रकम पशुपालक कृषकलाई पशुधन नोक्सानी भएपछि क्षतिपुर्ति दिइने छ।

१.८ वडा नं. ११ र १२ को बाँफुखोलामा आलु अनुसन्धान केन्द्र, कोटमौलामा सुन्तला अनुसन्धान केन्द्र स्थापनाको लागी पहल गरिने छ।

१.९ पशुपालनबाट अत्यधिक लाभ लिनको लागी नस्लसुधार कार्यक्रम लागु गरिनेछ। व्यावसायिक पशुपंछी पालन कार्यलाई प्रोत्साहन गरिनेछ।

१.१० निर्धारित तरकारी उत्पादन पकेट क्षेत्र भित्रमा किसानलाई उत्साहित गर्न कृषिमेला प्रदर्शनी गर्नुका साथै निशुल्क बेमौसमी तरकारीको विउ विजन वितरण गरिनेछ।

१.११ सुन्तला तथा लालिगुँरासको जुस, अदुवाको क्यान्डी, उत्पादित सुटो टिमुर प्रशोधन लगायत कृषकलाई प्रत्यक्षलाभ हुने कृयाकलापलाई नमुनाको रुपमा संचालन गरिनेछ।

१.१२ एक टोल एक उत्पादनको नीतिलाई प्राथमिकता दिई आवश्यक व्यवस्था मिलाइनेछ।

१.१३ *एक घर एक करेसाबारी* को निति लागु गरिने छ।

१.१४ एक वडा एक कृषि प्राविधिक कार्यक्रमलाई निरन्तरता दिइनेछ।

**२. शिक्षा तथा खेलकुद तर्फ :**

२.१. नगर भित्रका उत्कृष्ट शैक्षिक उपलब्धी ल्याउने सामुदायिक विद्यालय, शिक्षक, शिक्षिका तथा विद्यार्थीहरुलाई पुरस्कृत तथा प्रोत्साहित गर्ने नीती लिईने छ।

२.२. शिक्षालाई गुणस्तरीय र प्रतिस्पर्धात्मक बनाई आधुनिक प्रविधि अनुकूल हुनेगरी सहयोग पुऱ्याउन प्राविधिक तथा व्यावसायिक शिक्षामा जोड दिइने छ साथै शैक्षिक संस्थाहरुमा इमेल–इन्टरनेट सेवाको लागि आवश्यक कार्यक्रम बनाई लागु गरिने छ।

२.३ "**जहाँ विद्यार्थी त्यहाँ शिक्षक, जहाँ शिक्षक त्यहाँ विद्यार्थी**" को नीति लिई विद्यालयहरुको उचित व्यवस्थापन, शिक्षक विद्यार्थी अनुपात अनुसार शिक्षक , कर्मचारी दरवन्दी मिलान गरिने छ।

२.४ शिक्षा संगै खेलकूदको नीति लिई विद्यालयमा खेलकूद तथा खेलाडी पहिचान र विकास गर्ने

व्यवस्था मिलाइनेछ।

२.५ द्वन्द पिडित, जेहेन्दार तथा विशेष प्रतिभा भएका बालबालिकाहरुलाई विशेष छात्रवृत्ती दिइनेछ।

२.६ नगर भित्र छनौट गरिएका बिद्यालयहरुमा उत्कृष्ट शैक्षिक उपलब्धि देखिने गरि पर्याप्त भौतिक सुबिधा सहितका नमूना बिद्यालय संचालन गरिने नीति लिइने छ।

२.७ गुणस्तर र रोजगार उन्मुख शिक्षा प्रणालीको व्यबस्थापनका लागी नगरका सबै विद्यालयहरुलाई नीति निर्माणका लागी निर्देशन गर्ने साथै जनकल्याण क्याम्पस भवन भएको जग्गा विज्यश्वरी साझा संस्थाको नाममा रहेकोले सो जग्गा क्याम्पसका नाममा कायम गर्ने र जनकल्याण क्याम्पसलाई मध्यपश्चिम विश्वविद्यालयमा आंगिक बनाउन बिशेष पहल गर्ने नीती लिईने छ।

२.८ नगरभित्र रंगशाला निर्माण, योगा तथा सत्संग केन्द्र स्थापना र नगरको खेलकुदलाई प्रभावकारी बनाई प्रदेश तथा राष्ट्रिय स्तरमा पहिचान स्थापना गर्ने तर्फ जोड दिईने छ।

२.९ सामुदायिक विद्यालयको शैक्षिक गुणस्तरमा सुधार तथा पूर्वाधार विकासको नीति लिइनेछ।

२.१० **शिक्षा जीवनको ज्योति हो** भन्ने भावना जागृत गराई विद्यालयमा पहुंच नभएका प्रत्येक वालवालिकाले पढ्न पाउने अधिकारलाई सुनिश्चित गरिनेछ।

२.११ प्रत्येक सामुदायिक विद्यालयमा शुरु कक्षामा नयां भर्ना हुने विद्यार्थीलाई अनिवार्य अंग्रेजी माध्यमद्धारा पठनपाठन गराइनेछ साथै अंग्रेजी माध्यमलाई प्रत्येक वर्ष क्रमशः थप गर्दै लगिनेछ।

२.१२ प्राविधिक शिक्षालाई शिक्षाको मूल आधारको रुपमा लिई विभिन्न विद्यालयहरुमा माध्यमिक तह देखि नै प्राबिधिक शिक्षा विस्तार गर्न पहल गरिने छ।

२.१३ आधारभुत तथा माध्यामिक शिक्षालाई गुणस्तरीय बनाउन जोड दिइनेछ। शिक्षकको दक्षता वृद्धि, तालीमको व्यवस्था गर्नुको साथै विद्यार्थीको अनुशासन र अभिभावकको सहयोग पूर्ण सक्रियता बढाउन अभिभावक शिक्षा लागू गरी शिक्षालाई गुणस्तरीय बनाइनेछ।

२.१४ नगर शिक्षा योजना तयार गरी शिक्षा क्षेत्रलाई व्यवस्थित गरिनेछ ।

२.१५ सामुदायिक विद्यालयमा विद्यार्थी संख्या बृद्धि गर्न विशेष पहल गरिनेछ । साथै विद्यार्थी संख्या अत्यन्त न्यून भएका सामुदायिक विद्यालयहरुलाई एक आपसमा मर्ज गर्ने नीति लिईने छ ।

२.१६ सामुदायिक विद्यालयको गुणस्तर सुधार गर्न आधारभुत तहलाई बालमैत्री बनाईनेछ । शिशु कक्षामा अध्यापन गराउने शिक्षिकाहरुलाई मन्टेश्वरी तालिम उपलब्ध गराइने छ ।

२.१७ *एक विद्यालय एक पुस्तकालय, एक विद्यालय एक खेल मैदान*को निति लिईने छ ।

२.१८ **मेयर संग उज्यालो कार्यक्रम** अर्न्तगत घरमा विद्युत सुविधा नभएका र सामुदायिक विद्यालयमा अध्ययनरत अत्यन्त विपन्न , दलित, जनजाती र जेहेन्दार विद्यार्थीहरुलाई शैक्षिक गुणस्तर सुधार गर्न सोलार वितरण कार्यक्रम संचालन गरिनेछ ।

२.१९ जनकल्याण मा.वि. थारमारेको कृषि स्थललाई स्तरोन्नति गरी कृषि तथा पर्यटन स्थलको रुपमा विकास गर्ने नीति लिईनेछ ।

**३.विद्युतीकरण तर्फ :**

३.१. नगरको आधारभूत विकासका लागि विद्युतिय उर्जा व्यवस्थापनको महत्वपूर्ण भूमिका महसुस गरी ***समृद्ध नागरिक उज्यालो घर, आधुनिकता तर्फ बागचौर नगर*** भन्ने नीति लिई केन्द्रिय तथा सम्भाव्य स्थानहरुमा लघु जलविद्युत समेतको विकास गरी आगामी ५ वर्ष भित्र नगरका सबै टोलहरुमा विद्युतिकरण गरि उज्यालो नगर बनाइने छ ।

**४. स्वास्थ्य तथा सरसफाई तर्फ :**

४.१ "जहाँ स्वास्थ्यकर्मी, त्यहाँ स्वास्थ्य सेवा" भन्ने अवधारणाको नीती अवलम्वन गरिने छ ।

४.२ नगरपालिकाका सबै वडाहरुलाई पूर्ण खोप घोषणाका कार्यक्रम गरि नगरपालिकालाई यथाशिघ्र पूर्ण खोप नगरपालिका घोषणा गरिने छ ।

४.३ ज्येष्ठ नागरिकका लागि नगरपालिका स्तरिय आँखा तथा कान स्वास्थ्य शिविर कार्यक्रमहरु संचालन गरिने छ ।

४.४ महिला स्वास्थ्य स्वयंसेविका तथा स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मीलाई उत्कृष्ट कार्य

सम्पादन गरे वापत पुरस्कार तथा प्रशंसा पत्रको व्यवस्था गरिने छ ।

४.५ नगरभित्र रहेका १० वर्षे जनयुद्ध, १९ दिने जनआन्दोलन लगायतका संर्घषमा घाईते अपाङ्ग तथा अन्य अपाङ्ग, गर्भवती तथा सुत्केरी र जेष्ठ नागरिकको लागी न.पा. क्षेत्रभित्र निःशुल्क एम्बुलेन्स सेवा कार्यक्रम संचालन गरिने छ ।

४.६ नगर भित्र सञ्चालित स्वास्थ्य संस्थाहरुको स्तरबृद्धि तथा चुस्त सेवा प्रवाहीकरणमा जोड दिइनेछ ।

४.७ प्राथमिक स्वास्थ्य केन्द्र थारमारेलाई स्तर वृद्धिगरी ५० सैयाको अस्पतालको लागी सम्बन्धित निकायमा माग गर्न पहल गरिने छ ।

४.८ नगरवासिलाई स्वास्थ्य उपचारमा समान पहुचको अवस्था सिर्जना गरिनेछ ।

४.९ आधारभूत स्वास्थ्य सेवा प्रभावकारी बनाउन औषधि र उपकरणको व्यवस्था गरिनेछ ।

४.१० पूर्ण खोप, पूर्ण सरसफाई उन्मुख नगरपालिका बनाउन आवश्यक बजेट विनियोजन गरिनेछ ।
४.११ विभिन्न खोप अभियान लगायत सर्ने तथा नसर्ने रोगहरुको न्यूनीकरण गर्न सम्वन्धित निकायसंग सहकार्य गरि नियमित रुपमा अभियान संचालन गरिनेछ ।

४.१२ पूर्ण संस्थागत सुत्केरी युक्त नगरपालिका निर्माण का लागि सुत्केरी सेवाग्राहीलाई नगर क्षेत्रभित्र निशुल्क यातायात सेवाको व्यवस्था गरिनेछ ।

४.१३ स्वास्थ्यमा सबैको पहुचका लागी **एक वडा एक स्वास्थ्य सेवा केन्द्र** स्थापना गर्न आवश्यक पहल गरिने छ ।

## ५. भवन, आवास तथा शहरी सुविधा :

५.१. नगरभित्र व्यवस्थित आवास, भवन संहिता तथा नमूना वस्ती/बजार व्यवस्थापनका लागि दीर्घकालिन योजना निर्माण गरी लागू गरिनेछ ।

५.२. सरकारी जग्गाको जथाभावी व्यक्तिगत उपभोग लाई नियन्त्रण गर्ने निति लिईने छ ।

५.३. सुरक्षा तथा सेवा सुविधाका दृष्टिकोणबाट अनुपयुक्त रहेका आवास क्षेत्रको स्थानान्तरणलाई प्रोत्साहित गरिनेछ ।

५.४ राष्टिय भवन संहिताको पूर्ण रुपमा पालना गर्दै नगरपालिका भित्र बनिसकेका घरहरुको अभिलेखीकरण र नयां बन्ने घरहरुको नक्सापास कार्यलाई अभियानका रुपमा संचालन गरिनेछ ।

५.५ नयां निर्माण हुने तथा पुनर्निमाण हुने सरकारी भवन, सार्वजनिक स्थल,सडक यातायात लगायतका पूर्वाधार संरचना अपांग मैत्री बनाउन प्रेरित गरिनेछ ।

## ६. सुचना, सञ्चार तथा प्रबिधिः

६.१. नगरका संचार क्षेत्रलाई व्यवस्थित गर्न संरक्षण, सम्वर्द्धन र विकासको नीति लिईने छ ।

६.२ नगरपालिका भित्र उपयुक्त ठाउंहरुमा पुस्तकालय तथा वाचनालयको व्यवस्था गरिने छ र दीर्घकालिन रुपमा ई पुस्तकाय राख्ने नीति लिइने छ ।

६.३ **जहाँ संचार त्यहां संसार** को नीति लिई संचार क्षेत्रको प्रवर्द्दन र विकासका लागि आवश्यक बजेट विनियोजन गरिनेछ ।

## ७. गैर सरकारी क्षेत्र, टोल विकास संस्था, आमा समूहः

७.१. नगर भित्र का गैर सरकारी संघ, संस्था तथा समूहको परिचालन, संरक्षण तथा अनुगमन एवं कार्यक्रममा एकद्वार प्रणाली लागू गरिनेछ ।

७.२ टोल विकास संस्था गठन र परिचालनका लागि आवश्यक कार्यविधि बनाई व्यवस्थित गरिनेछ ।

## ८. राजश्व तथा श्रोत परिचालनः

८.१. **मेरो नगर विकासमा मेरै योगदान, कर तिर्नु असल नागरिकको पहिचान** भन्ने मान्यतालाई प्रोत्साहित गरी अधिकतम व्यक्ति र क्षेत्रलाई करको दायरामा ल्याई राजश्व संकलनमा विशेष योजना ल्याइने छ ।

८.२ नगरक्षेत्र भित्र परम्परागत रुपमा उपभोग गर्दै आएका,राजस्वको दायरा बाहिर रहेका ऐलानी पर्ति जग्गाहरु छुट्याई सो क्षेत्रभित्र रहेका घरटहरा तथा अन्य जमिनलाई ठोस नीति बनाई राजश्वको दायरा भित्र ल्याईनेछ साथै सबै प्रकारका उत्पादन योग्य जमिनहरु लामो समयसम्म बांझो राख्ने प्रवृतिलाई निरुत्साहित गरीने छ ।

## ९. मानव संसाधन तथा सुशासनः

९.१. नगरपालिकाको सेवालाई चुस्त ,दुरुस्त, पारदर्शी ,जवाफदेही तथा उत्तरदायी स्थानीय तहको रुपमा विकास गर्दै लगिने छ ।

९.२ सामाजिक परिक्षण ,सार्वजनिक परिक्षण ,सार्वजनिक सुनुवाई तथा अनुगमन र मुल्याङकन लाई प्रभावकारी वनाइने निति लिइने छ ।

९.३ सुचना प्रविधिको प्रयोगमा जोड दिइने छ ।

९.४ सामाजिक सुरक्षा बापतको भत्ता वितरण प्रणाली लाइ पारदर्शि तथा सरल वनाउन वैकिङ प्रणाली मार्फत गरिने वितरणको व्यवस्थालाई सहज गरिने छ ।

९.५ विकास खर्च बढाई प्रशासनिक खर्चमा मितव्ययिता ल्याउन व्यवस्थापकीय सुधारमा जोड दिईने छ । साथै अनुत्पादक खर्च निरुत्साहित गर्दै प्रत्येक कृयाकलापहरुलाई पारदर्शी बनाईने छ ।

९.६ बदलिदो परिस्थिति अनुकुल जनप्रतिनिधिहरु र कर्मचारीहरुलाई चुस्त, दुरुस्त र सक्षम बनाई राख्न आवश्यक तालिमहरुको अवसर प्रदान गरिने छ । साथै जिल्ला/क्षेत्रिय भ्रमण तथा अनुभव आदान प्रदानको कार्यक्रम संचालन गरिने नीति लिईने छ ।

९.७ नगर भित्र यूवा तथा शैक्षिक वेरोजगारी न्यूनीकरणका लागि युवा स्वरोजगारका कार्यक्रम ल्याईने छ ।

९.८ नगरभित्रका अधिकांस युवाहरु रोजगारीका लागी विदेश पलायन हुने समस्यालाई न्युनिकरण गर्न बेरोजगार युवायुवतीको तथ्याङ्क संकलन गरि नगर भित्र उत्पादित बस्तुको प्रशोधन प्राकृतिक खानीको खोजी गर्नुका साथै नगरभित्रै उद्योग संचालनका लागी आउने उद्योगी व्यवसायीलाई प्रोत्साहीत गर्ने र नगरभित्र स्वरोजगार मुलक आवधिक योजना संचालनमा ल्याउन जोड दिईने छ ।

## १०. विकास योजना तर्जुमा तथा सञ्चालन :

१०.१ गत नगर सभाबाट छनौट भएका आवश्यक योजना तथा कार्यक्रमहरुलाई प्राथमिकता दिईने छ साथै योजना तर्जुमा र कार्यान्वयन प्रक्रियालाई वैज्ञानिक र वस्तुपरक बनाउन नगरको समग्र विकासको खाका कोर्नको लागि नगरको पार्श्वचित्र निर्माण तथा आवधिक नगर विकास योजना तयार गरी कार्यान्वयनमा ल्याउनका लागी आवश्यक वजेटको व्यबस्था गरिने छ ।

१०.२ गाउंलाई विकास योजना/कार्यक्रमको केन्द्र बनाउने र ती योजना कार्यक्रम समतामुलक, समावेशी र विपन्न वर्ग केन्द्रित बनाउन ध्यान दिईने छ । यसै गरी पूर्वाधार विकास तथा निर्माणमा पछि परेका विपन्नता बढी भएका विकटका वस्तीहरुमा योजना तथा कार्यक्रम पु¥याउन प्राथमिकता दिईने छ ।

१०.३ खानेपानीको श्रोत नभएका उच्च भू–भागका क्षेत्र र समुदायलाई प्राथमिकताका आधारमा श्रोत खोजी लिफट खानेपानी,आकाशे पानी संकलन ट्याङ्की निर्माण, रिचार्ज पोखरी निर्माण तथा खेर गएका मुहानको संरक्षण गर्नु साथै नया प्रविधि र कार्यक्रमलाई लागु गर्न विशेष बजेट विनियोजन गरिनुका साथै सम्बन्धित ठाउंमा अरु ठुलो योजना माग  गर्न पहल गरिने छ ।

१०.४ सडक सञ्जाल नजोडिएको वडा तथा वस्तीहरुलाई उच्च प्राथमीकता दिइने छ । साथै नगरपालिका तथा वडाहरुमा सवैतिर सडक सञ्जाल विस्तार गर्न  शहिद रिङ्ग रोडको अवधारणा अनुरुप कार्यान्वयन  गर्न विशेष बजेट विनियोजन गरिनुका साथै समबन्धित ठाउँमा अरु ठुला योजना माग गर्न पहल गरिने छ ।

१०.५ नगरमा निर्माण भएको सडक संजालको बिस्तृत अध्ययन गरी सडक निर्माणमा देखिएको नाम मात्रको जनसहभागिता नभई अपनत्व वोध हुनेगरी वडाभित्रका सडकहरुको निर्माण मर्मत सम्भार र स्तर उन्नती सम्बन्धित वडाबाटै गर्ने नीति अवलम्वन गरिने छ । साथै निर्माण गरिएका सडकहरुको नियमित मर्मत संभारलाई व्यवस्थित गर्न छुट्टै मर्मत संभार कोषमा आवश्यक रकम विनियोजन गरिने छ ।

१०.६ सडक निर्माणको सन्दर्भमा अत्यावश्यक बाहेक नयाँ सडक निर्माण भन्दा पुराना सडकहरुको स्तरवृद्धिमा प्राथमिकता दिइनेछ  । प्रत्येक वडा कार्यालय सम्म पुग्ने सडकहरुको स्तरोन्नति गरी बाह्रै महिना संचालन हुने व्यवस्था मिलाईनेछ ।

१०.७ नगर क्षेत्र भित्रका सडकहरुको नियमित मर्मत सम्भार का लागि मुख्य मुख्य सडकहरुमा लाईन्स म्यान को व्यवस्था गरी सडकहरुको नियमित मर्मत सम्भारको व्यवस्था मिलाईनेछ ।

१०.८ लघु उद्यम तथा साना उद्योगहरु स्थापनाको साथै संरक्षण, सम्बर्द्धन र प्रोत्साहीत गर्ने नीति लिईने छ ।

१०.९ अति गरिब तथा पिछडिएका वर्गलाई केन्द्रित गरी निम्न कार्यक्रमहरु सञ्चालन गर्ने नीति लिइनेछ ।

- सिपमूलक तथा आयमूलक कार्यक्रमहरु ।
- विकास साझेदारहरुको समन्वयमा स्वरोजगारका कार्यक्रमहरु ।
- गरिबी न्यूनीकरण सम्बन्धी सरकारी तथा गैरसरकारी क्षेत्रका कार्यक्रमहरु

१०.१० नगरपालिकाको नेतृत्वमा एकद्वार प्रणाली मार्फत समग्र क्षेत्रको विकास कार्यक्रम संचालन गर्न नगरमा कार्यरत विकास साझेदारहरु, दातृ संस्था, अन्तराष्ट्रिय/राष्ट्रिय/स्थानीय गै.स.सं. हरुसंग साझेदारीमा कार्यक्रम संचालन गर्ने नीतिलाई निरन्तरता दिईने छ ।

१०.११ विकास कार्यको अनुगमन तथा मूल्यांकनका लागि जनप्रतिनिधिहरु, राजनैतिक दल, स्थानीय प्रशासन, पत्रकार, स्थानीय बुद्धिजिवी, निजी क्षेत्र, नागरिक समाज तथा आम जनसमुदायको आवश्यक सहयोग लिई प्रभावकारी अनुगमन संयन्त्र बनाइने र सुशासनलाई टेवा पुग्ने नीति अवलम्वन गरिने छ ।

१०.१२ वडा नं.१ को गैरावेत,कोटवेत वडा नं.९को मखलाम लेख वडा नं.८ को रानीपोखरी हुँदै वडा नं.१० को मोखला शिव गुफादेखि गैरावेत सम्मको शहिद रिङरोड बनाईने छ । साथै शहिद रिङरोड भित्र पर्ने शहिद तथा वेपत्ता व्यक्तिहरुको स्मरणमा शालिक निर्माण ,पार्क तथा उद्यान र स्तम्भको निर्माण गरिने छ ।

१०.१३ नगरको विकासका सम्भावनाहरुलाई प्रवर्धन गर्न उद्योग तथा लगानी मैत्रि वातावरण वनाइने छ ।

१.१४ लघु उद्यमको स्थापना , बिकास, बिस्तार ,संरक्षण र प्रवर्द्धनमा सहयोग गर्दै उनीहरुको आय

आर्जनमा बृद्धि गरिने छ ।

## ११. महिला, वालवालिका, जेष्ठ नागरिक, दलित, जनजाति, द्वन्द्वपिडित, घाईते, अपाङ्ग :

११.१ महिला शसक्तिकरणका लागि विगतको जस्तो निश्चित प्रतिशत विनियोजन नभई आवश्यकताका आधारमा कार्यक्रमको तर्जुमा गरिनेछ ।

११.२ लक्षितवर्ग,विपन्न ,गरीब, दलित, जनजाति, महिला तथा बालबालिका, फरक क्षमता भएका बृद्धबृद्धा, घाईते अपाङ्ग एवं जोखिममा रहेका वर्गहरुको साथै विस्थापित परिवारको समेत आवश्यकतामा केन्द्रित हुने खालका योजनाहरुको छनौटमा प्राथमिकता दिने नीति लिइनेछ ।

११.३ दश वर्षे जनयुद्ध तथा १९ दिने जनआन्दोलनका घाईते अपाङ्ग शहिद तथा बेपत्ता परिवार एवं न्यून आय भएका व्यक्तिहरुको क्षमताको विशिष्टिकरण गरी रोजगारीमा प्राथमिकता दिईने छ ।

११.४ विकास निर्माणमा महिला सहभागिता अभिवृद्धि गर्न र महिलाद्धारा निर्माण गरिने विकासमा आर्थिक पारदर्शिता नमुनाको रुपमा झल्काउनका लागी महिलाहरुको छुट्टै उपभोक्ता समिति बनाई विकास कार्यान्वयन गर्ने नीति लिईने छ । साथै सामाजिक कुरीति तथा कुसंस्कारजन्य कृयाकलापहरु जस्तै जुवा तास,मदिरा सेवन तथा विक्री वितरण,बोक्सी प्रथा,दाइजो प्रथा छुवाछुत प्रथा यौन विकृती जस्ता कृयापलापहरु निरुत्साहीत गर्न महिला समितिहरुलाई विशेष अधिकार प्रदान गरिनेछ ।

११.५ वाल विवाह, बहु विवाहलाई न्युनिकरण गर्न विद्यालय स्तरदेखि वडा टोल स्तरमा जनचेतनामुलक कार्यक्रमहरु सञ्चालन गरिने छ ।

## १२. पर्यटन

१२.१ नगरका पर्यटकीय क्षेत्र एवं महत्वपूर्ण प्राकृतिक श्रोत साधनहरुको पहिचान गरी आर्थिक विकासको संभावनालाई बढाउन पर्यटन गुरु योजनाले तय गरेका योजनाहरु प्राथमिकता क्रम अनुसार लागु गरिनेछ ।

१२.२ नगरक्षेत्र भित्र रहेका बन तथा वन्य जन्तु संरक्षण र पर्यटन क्षेत्रको प्रबर्द्धनका लागी वडा नं.१२ को सुकिदह र वडा नं.७, ९ र ११ को मख्लाम क्षेत्रलाई आरक्षण क्षेत्रको रुपमा विकास गर्ने नीति लिइनेछ ।

१२.३ नगरको पहिचान स्थापित गर्न विशेष स्थानहरु जस्तै डाँगी जातीको उद्‌गम स्थल जनाउने लस्तमको अग्लाटाकुरा, दश वर्षे जनयुदको इतिहास सँग जोडिएको बाफुखोलाको विजयधुरी, मख्लाम लेक लगायतका स्थानमा भ्युटावरको स्थापनाका लागी बिशेष पहल गरिनेछ ।

## १३. विपद व्यवस्थापन

१३.१ प्राकृतिक तथा मानवीय कारणबाट हुनसक्ने क्षतिलाई न्यूनिकरण गर्न नगर स्तरमा विपद व्यवस्थापन समिति गठन गरि पूर्व तयारी योजना बनाई लागु गरिनेछ ।

१३.२ भुकम्प प्रतिरोधि संरचना निर्माणलाई अनिवार्य वनाइने निति लिइने छ ।

१३.३ भवन निर्माण कार्यलाई गुणस्तरिय ,सुरक्षित तथा किफायति वनाउन नगरपालिकाले भवन निर्माण सम्बन्धि मापदण्ड तयार गरी कार्यान्वयन गरिने नीति लिइने छ ।

१३.४ बागचौर नगरपालिकामा विपद् व्यवस्थापनका लागि स्थायी कोष निर्माण गरि सञ्चालनमा ल्याइनेछ । नगरपालिका भित्र हरेक संरचना निर्माण गर्दा विपद् जोखिम न्युनीकरणलाई विशेष ध्यान दिइनेछ ।

## १४. बन, वातावरण तथा भूसंरक्षण :

१४.१ **"हरियो वन, बागचौरको धन"** भन्ने मूल नारालाई मध्यनजर राखी स्वच्छ , सुन्दर र हरियाली नगरपालिका बनाउन ग्रीन पार्क निर्माण, बृक्षारोपण तथा संरक्षणमा अभियानको नीति अवलम्वन गरिने छ ।

१४.२ प्रत्येक ब्यक्तिले बिशेष घटनामा (जन्म, मृत्यु, बिवाह, पूजाआजाको उपलक्ष्यमा अनिवार्य रुपमा नछुटाई एक बिरुवा रोप्ने नीति लिईने छ साथै प्रत्येक व्यक्तिले बर्षमा ५ वटा बिरुवा अनिवार्य लगाउनु पर्ने नीति लिइनेछ ।

१४.३ प्रति बिरुवा संरक्षण गरे वाफत त्यस ब्यक्तिलाई प्रति विरुवा रु.५० का दरले प्रोत्साहन स्वरुप पुरस्कार प्रदान गरीनेछ ।

१४.४ वनमा आगलागी गर्ने, चोरी शिकारी गर्ने, खोलामा बिष तथा करेन्ट प्रयोग गरी माछा मार्ने, तोकिएको समय बाहेक अरु समयमा मदिरा बिक्री बितरण तथा सेवन गर्ने, सांस्कृतिक रुपमा अनैतिक कार्य गर्नेहरुका लागी, होटेल, रेष्टुरा, तथा गाँउ समाजहरुमा सूचना तथा जानकारीका लागी नगरपालिकाले बिशेष अनुसन्धान तथा निगरानी गर्ने व्यक्ति खटाउने छ । साथै यी माथिका कार्यहरुमा संलग्न ब्यक्तिहरुको गोप्य रिपोर्ट गर्ने कुनै पनि व्यक्तिको नाम समेत गोप्य राखिनेछ ।

१४.५ वातावरणमैत्री स्थानीय शासनको प्रारुपलाई स्थानीयकरण गर्न समन्वयात्मक अभियान संचालन गरिनेछ । साथै विकास निर्माणका योजना तथा कार्यक्रमहरु संचालन गर्दा वातावरणीय प्रभाव मूल्याङ्कन गर्ने परिपाटीलाई संस्थागत गर्दै लगिनेछ ।

१४.६ वातावरण संरक्षण तथा संवर्द्धनमा जोड दिदै वातावरण मैत्री योजना संचालन गरिने नीति लिइने छ ।

१४.७ सामुदायिक वनको संरक्षणमा समुदायलाई थप जिम्मेवार वनाउदै वन तथा वातावरण संरक्षण र सम्वर्द्धनमा जोड दिइने छ ।

१४.८ हरित सडकको अवधारणा कार्यान्वयन गर्ने नीति लिइनेछ ।

१४.९ **एक टोल एक रिचार्ज पोखरी, एक टोल एक वरपिपल चौतारी, एक वडा एक एक उद्यान** बनाउने नीति लिईने छ ।

१४.१० बागचौर नगरपालिकालाई धुवाँ रहित नगरपालिका बनाउन विषेश कार्यक्रम संचालन गरिने छ ।

१४.११ बनको अधिकार प्रयोगमा सामुहिक संरक्षण र सामुहिक उपभोगको नीति अनुसार सबैले उपभोग र संरक्षण गर्न पाउने निति अबलम्बन गरिने छ ।

**१५. कला साहित्य तथा संस्कृति :**

१५.१ यस नगरभित्र लोपोन्मुख कला सहित्य संस्कृतिको विकास र विस्तारका लागी १ कला साहित्य संस्कृति प्रतिष्ठान गठन गरी लोप हुन लागेका कला संस्कृतिको संरक्षण र सम्बर्द्धन गरिने छ । साथै यस नगरको डाँगी तथा वली जातीको उदगम स्थल भएको गौरवमय इतिहासलाई देशभर पहिचान स्थापित गर्न पूर्व निर्धारित योजनालाई निरन्तरता दिईने छ ।

१५.२ आदिवासी जनजाति तथा लोपोन्मुख समुदायहरुको भाषा, साहित्य, संस्कृति र कला संरक्षणको लागि आवश्यक कार्यक्रमहरु तर्जुमा गरी कार्यान्वयन गर्नुका साथै नगरको लोक संस्कृति जगेर्ना गर्ने नीति लिईनेछ ।

**१६. खानेपानी तथा सरसफाई :**

१६.१ यस नगरपालिकालाई पूर्ण सरसफाइ युक्त नगरपालिका घोषणा गर्न आवश्यक कार्यक्रम संचालन गरिनेछ ।

१६.२ खानेपानीको उपलब्धता सहज बनाइने छ । स्थानीय स्रोतको संरक्षण र भण्डारण द्वारा खानेपानीको सुविधा प्रत्येक परिवारमा उपलब्ध गराइने छ ।

१६.३ यस नगर क्षेत्रभित्र रहेका खानेपानीका मुहानहरु निश्चित मापदण्ड बनाई प्रयोगमा ल्याईने छ ।

१६.४ नगर भित्रका बजार क्षेत्रहरुमा सार्वजनिक शौचालयको निर्माणको कार्य लाई प्राथमिकता दिइने छ ।

**१७. न्यायिक क्षेत्रः**

१७.१ न्याय सम्पादनका कामलाई प्रभावकारी, व्यवस्थित र चुस्त दुरुस्त गर्न न्याय सम्पादन कार्यबिधि बनाई लागु गरिने छ ।

१७.२ न्यायिक सरलताका लागी प्रत्येक वडामा मेलमिलाप केन्द्र गठन गरि मेलमिलापको माध्यमद्धारा वडामा नै विवाद हल गर्ने व्यवस्था गरिने छ ।

**१८. जुवा तास तथा मदिराः**

१८.१ तोकीएको समय सीमा भन्दा बाहिर रही जथाभावी जुवा तास तथा मदिरा सेवन गर्ने र बिक्रि वितरण गर्ने गराउनेलाई आवश्यक दण्ड जरिवाना गर्ने नीति बनाइने छ ।

**१९. सुरक्षा क्षेत्र :**

१९.१ नगरपालिकाको क्षेत्राधिकार भित्र रहेको नगरपालिकाको सुरक्षा व्यवस्था लगायतका कामहरु व्यवस्थित गर्न नगर प्रहरीको व्यवस्था गरिनेछ ।

धन्यवाद ।